# इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

१ नं. प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं.
च.नं.

## समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता पदका लागि पून: दरखास्त आव्हान गरिएको सूचना
(पून: प्रकाशित मिति : २०७६/१०/२१)

यस इटहरी उपमहानगरपालिकाले १ नं. प्रदेश सरकार र करुणा फाउण्डेशन नेपालसँगको साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुल्ला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक न्युनत्तम योग्यता पुगेका कुनै वात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकवाट दरखास्त फारम भर्न आव्हान गरिएको छ । इटहरी उपमहानगरपालिकाले तोकेको दरखास्त फारममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सक्रृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभूवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी इटहरी उपमहानगरपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।
रित नपुगेको, तोकिएको आवश्यक न्यूनत्तम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारबाही हुने छैन । साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारबाही हुने छैन । झुटा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयम् हुनु पर्नेछ ।
तपसिल :
१. विज्ञापन नं., पद र माग संख्या

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | सा.वि.१/२०७६/७७ | समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता (सिविआर) खुल्ला | ८ जना |
| २ | सा.वि.२/२०७६/७७ | समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता (सिविआर) अपाङ्गता | १ जना |

२. सेवाको किसिम : अस्थायी ( करार सेवा)
३. आवश्यक न्युनत्तम शैक्षिक योग्यता :
मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा अ.न.मी. वा सी.एम.ए. उत्तिर्ण गरेको,
४. कम्प्युटर सम्वन्धी ज्ञान भएको र स्वास्थ्य वा आपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ ।
५. तलब, सुविधा तथा अन्य सेवा शर्त : मासिक रु १५०००।- ( पन्ध्र हजार मात्र) र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम ।
६. उमेद्वारको उमेर : (क) महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।
(ख) पुरुषको हकमा दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको ।
७. उमेद्वारको छनौट विधी : लिखित, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता ।
८. फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान : इटहरी उपमहानगरपालिकाको कार्यालयबाट दरखास्त फारम प्राप्त गरी उक्त फारम भरी इटहरी उपमहानगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।
९. परीक्षा दस्तुर : खुला तर्फ रु ३००।-( तीन सय रुपैया मात्र) र खुला सगै समावेशी (अपाङ्गता व्यक्तिको लागि मात्र) सिटमा थप रु १००।-( एक सय रुपैया मात्र)
१०. परीक्षा दस्तुर बुझाउने प्रकृया : इटहरी उपमहानगरपालिकाको राजस्व शाखामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारम साथ पेश गर्नुपर्नेछ ।
११.दरखास्त फारम भर्ने मिति : २०७६/१०/२१ देखि २०७६/१०/२७
१२. परीक्षा सञ्चालन हुने मिति, समय र स्थान : दरखास्त फार भर्ने अन्तिम म्याद सकिएको ५ दिनभित्र टेलिफोन गरी जानकारी गराइनेछ । साथै नगरपालिकाको सूचना पाटी टाँस गरिनेछ ।
१३. पाठ्यक्रम : दरखास्त फारम सँगै प्राप्त गर्न सकिने ।
१४. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्वन्धमा दरखास्त बुझाउने अन्तिम मितिसम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।
१५. विशेष व्यवस्था : समुदायमा आधारित पुनर्स्थापना सहजकर्ताहरुको छनौट पश्चात दुइ (२) महिनाको समुदायमा आधारीत पुनर्स्थापना तालिम हुनेछ । तालिम अवधिभर तलब पारिश्रमिक पाइने छैन ।
१६. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्ध गर्ने सम्पूर्ण अधिकार इटहरी उपमहानगरपालिकालाई हुनेछ ।
१७. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्वन्धमा इटहरी उपमहानगरपालिकाको टेलिफोन नं. ०२५-५८२८१९ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।